# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मिति: २०७६।०३।१० गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला दैलेख, नारायण नगरपालिका वडा नं.१, कुईकानास्थित श्रीस्थान ताजा तरकारी कृषक समूहलाई अदुवा खेती गर्न साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना, नेपालगञ्जबाट प्राप्त भएको रकमको खेती नगरी समूहका कृषकहरूले पाउनुपर्ने रकमसमेत नदिई खेती नै नगरेका कृषकहरूको भरपाईसमेतका नक्कली बिललगायतका कागजात तयार गरी रकम अनियमितता गरेको भन्ने विषयको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा श्रीस्थान ताजा तरकारी उत्पादन कृषक व्यावसायिक अदुवा समूह, साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना र नेपाल राष्ट्र बैंक नेपालगञ्जबीच उपआयोजना संचालन गर्न भएको त्रिपक्षिय सम्झौता अनुसार कृषक समूहलाई वितरण गर्नु पर्ने अदुवाको बीउ लगायतका कृषि सामग्री सम्झौतामा उल्लेख भए अनुसारको परिमाणमा खरिद नगरी अदुवा खेती नभएकै अवस्थामा निजहरूको मिलेमतोमा बदनियतपूर्वक भएगरेका कुरा लुकाई छिपाई नभए नगरेका कुरा देखाई गलत प्रतिवेदन तथा झुट्टा बिल भरपाई समेत तयार गरी नभएको कामको शतप्रतिशत कार्य सम्पन्न भएको भनी आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुर्‍याउने र नेपाल सरकारलाई बिगो रू.५,७७,३५०।—(पाँच लाख सतहत्तर हजार तीन सय पचास) बराबरको रकम गैरकानूनी हानि पुर्‍याई तत्काल कर्णाली सामुदायिक विकास केन्द्र, नेपालगञ्जमा कार्यरत तत्कालीन कृषि प्राविधिक मोती प्रसाद न्यौपाने र साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना, नेपालगञ्जमा कार्यरत तत्कालीन अनुगमन तथा मूल्याङ्कन अधिकृत देवराज भुषालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कसुर गरेको पुष्टि भएको हुँदा निजहरूलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदाबी लिइएको ।

साथै श्रीस्थान ताजा तरकारी उत्पादन कृषक समूह, व्यावसायिक अदुवा उत्पादन उपआयोजना कृषक समूहका अध्यक्ष राम कुमारी के.सी. भन्ने रामकला के.सी.ले आफूलाई गैरकानूनी लाभ पुर्‍याउने बदनियतले आफूले गरेको कबुलियत तथा सम्झौता विपरीत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) द्वारा परिभाषित कसुर अपराध गरेको पुष्टि हुन आएको हुँदा निजलाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदावबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)

प्रवक्ता